(अनुसूची-९ परियोजना कार्यान्वयन निर्देशिका,२०८२)

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना

भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकार/ जलस्रोत तथा उर्जा विकास मन्त्रालय, कर्णाली प्रदेश र

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबीचको

समझदारी पत्र

मितिः२०८२..... गते

स्थानः ....., ...

प्रारम्भः

नेपाल सरकार र फिनल्याण्ड सरकारको संयुक्त वित्तीय लगानी तथा युरोपियन युनियनको सह-आर्थिक अनुदानमा जलवायु परिवर्तन स्थानीय अनुकूलन (LACC) परियोजना कार्यान्वयन गर्न नेपाल सरकार र फिनल्यान्ड सरकार बीच २१, मे २०२४ मा सम्झौता भएको छ । उक्त परियोजना कार्यान्वयनका लागि स्वीकृत परियोजना दस्ताबेजमा भएको व्यबस्था बमोजिम तीन तहका सरकारबीच (नेपाल सरकार, सुदूरपश्चिम र कर्णाली प्रदेश तथा छनौट गरिएका स्थानीय तह) जलवायु उत्थानशिल तथा यसका असर न्यूनीकरणमा सहयोग गर्ने उद्देश्यले भूमि उपयोग योजना तथा व्यवस्थापन, एकीकृत जलस्रोत व्यवस्थापन, वनस्रोत व्यवस्थापन, वातावरणीय संरक्षण तथा व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण कार्यक्रममा प्रत्यक्ष सहयोग पुर्याउने गरी स्थानीय तहबाट प्रस्ताव भइ सुपरिवेक्षण समितिले स्वीकृत गरेका कार्यक्रम संचालन गरिनेछ ।

यो समझदारी पत्र भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकार/ जलस्रोत तथा उर्जा विकास मन्त्रालय, कर्णाली प्रदेश (यसपछि प्रदेश मन्त्रालय भनिने छ) र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबीच (यसपछि सङ्घीय मन्त्रालय भनिने छ) जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना सन् २०२९ सम्म कार्यान्वयन गर्नेगरी देहायका शर्तको अधिनमा रही मिति २०८२ आश्विन १० गतेको परियोजना सुपरिवेक्षण समितिको निर्णयबमोजिम संयुक्त समझदारी पत्रमा हस्ताक्षर गरिएको छ।

१. प्रदेश मन्त्रालयको भूमिका र जिम्मेवारीहरुः

प्रदेश मन्त्रालयले प्रादेशिक तहमा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको कार्यान्वयनकारी निकाय (Programmatic Agency) को रूपमा कार्य गर्नेछ र सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका संरचनासँग समन्वय गरी परियोजनाको प्रभावकारी कार्यान्वयनलाई सहयोग गर्न निम्न उल्लेखित जिम्मेवारी निर्वाह गर्न सहमत रहेको छ।

क. प्रदेश मन्त्रालयले प्रदेशभित्र परियोजनाको प्रमुख कार्यान्वयन निकाय (Programmatic Lead Agency) को रूपमा कार्य गर्ने र सम्बन्धित मन्त्रालय, विभाग तथा सरोकारवालासँग प्रभावकारी समन्वय मार्फत परियोजना क्रियाकलापलाई प्रादेशिक नीति, कार्यक्रम तथा योजनासँगको सामञ्जस्यता सुनिश्चित गर्ने,

ख. प्रदेश मन्त्रालयले ***"जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको कार्यविधि-२०८२"*** अनुसार प्रदेश स्तरमा परियोजना कार्यान्वयनको लागि मार्गदर्शन र अनुगमन गर्न, वार्षिक कार्ययोजना (Annual Work Plan) लाई अन्तिमरुप दिन, वार्षिक प्रगति प्रतिवेदन समीक्षा गर्न, कार्यक्रमगत मार्गदर्शन प्रदान गर्न, विषयगत कार्यालय तथा निकायसँग परियोजनाको सामञ्जस्यता कायम गर्नुका साथै प्रदेश भित्रका अन्य समान प्रकृतिका परियोजनासँग तालमेल र सहकार्य सुनिश्चित गर्नका लागि प्रदेश सचिवको अध्यक्षता परियोजना प्रदेश समन्वय समिति (Province Coordination Committee (PCC)) गठन गर्ने।

प्रादेशिक समन्वय समिति ***"जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको कार्यविधि-२०८२"*** बमोजिम देहाय अनुसार रहनेछ ।

<u>परियोजना प्रदेश समन्वय समिति</u>

प्रदेश मन्त्रालयका सचिव	अध्यक्ष
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका प्रतिनिधि	सदस्य
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रतिनिधि	सदस्य
परियोजना समन्वय इकाईका प्रतिनिधि	सदस्य
परियोजना डेपुटी टीम लिडर	सदस्य
अध्यक्षद्वारा तोकिएका अधिकृत तहका प्रदेश परियोजना संयोजक	सदस्य सचिव

क. प्रदेश मन्त्रालयले परियोजनाका सबै काम गर्ने क्षेत्रहरू वा प्रदेश मन्त्रालयले चयन गरेका केही क्षेत्रहरुमा परियोजना कार्यान्वयनमा साझेदारीकोलागि प्रत्येक आर्थिक वर्षमा प्रादेशिक बिषयगत मन्त्रालय बजेट प्रणाली (Province Line Ministry Budgetary System -PLMBIS) मार्फत परियोजना लागू भएका स्थानीय तहलाई सशर्त अनुदानको रूपमा बजेट तथा कार्यक्रमको सुनिश्चितता गर्ने र प्रदेश समन्वय कार्यालय (PCO) को सञ्चालन र PCO मार्फत सञ्चालन हुने कार्यक्रमको लागि बजेट व्यवस्था गर्ने,

ख. प्रदेश मन्त्रालयले स्थानीय तहलाई वार्षिक बजेट र कार्यक्रमको तयारी तथा कार्यान्वयन गर्न समन्वय र सहजीकरण गर्ने,

ग. प्रदेश मन्त्रालयले परियोजना कार्यान्वयनमा प्रदेश सरकार तहमा अन्तर-निकाय समन्वय र सहकार्य गर्ने,

घ. प्रदेश मन्त्रालयले परियोजनाको सहज कार्यान्वयनका लागि प्रदेश मन्त्रालय, स्थानीय तह र परियोजना सहयोग इकाई (Project Support Unit (PSU)) बीच प्रभावकारी समन्वय, सम्पर्क र सहजीकरण गर्ने साथै सम्बन्धित सबै परियोजना व्यवस्थापन तथा समन्वय संयन्त्रमा सक्रिय सहभागिताको गर्ने,

ङ. प्रदेश मन्त्रालयले परियोजनाको प्रादेशिक स्तरको वार्षिक प्रगति समीक्षा गर्ने,

च. प्रदेश मन्त्रालयले तोकिएको समयावधि भित्र परियोजना नतिजा हासिल गर्न अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रक्रियामा सहजीकरण गर्ने,

छ. प्रदेश मन्त्रालयले प्राविधिक समन्वय समिति (Technical Coordination Committee) तथा परियोजना सुपरिवेक्षण समितिका (Supervisory Board) निर्णय कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्ने।

ज. प्रदेश मन्त्रालयको विद्यमान संरचना मार्फत वा प्रदेश कानून बमोजिम सञ्चालन हुने गरी प्रदेश मन्त्रालयले प्रदेश समन्वय समिति (PCC) को सचिवालयका रूपमा कार्य गर्ने गरी परियोजना दस्तावेजमा परिभाषित परियोजना समन्वय कार्यालय (Project Coordination Office (PCO)) स्थापना गर्ने,

झ. प्रदेश मन्त्रालयले PCC मार्फत सिकाइ, सल्लाह-सुझाव, अनुभव, आदान प्रदान, निरन्तर सुधारका कार्य गर्ने साथै एकीकृत र सामन्जस्यतापूर्वक परियोजना व्यवस्थापनलाई संघीय, प्रादेशिक तथा स्थानीय तहबीच समन्वय र सहकार्य गर्ने,

ञ. प्रदेश मन्त्रालयले प्रदेश सचिवलाई परियोजना सुपेरिवेक्षण समितिको बैठकमा सदस्यको रूपमा प्रतिनिधित्व गराउने, प्रादेशिक परियोजना संयोजक तथा अन्य तोकिएका कर्मचारीहरूले परियोजनाका परिभाषित संयन्त्रमा सहभागिता जनाउने,

ट. प्रदेश मन्त्रालयले प्रदेशभित्रका अन्य सम्बन्धित कार्यक्रम, परियोजना र सरोकारवालासँग समन्वय गर्ने र प्रदेश समन्वय समिति (PCC) का निर्णय तथा परियोजना सम्बन्धी अद्यावधिक जानकारी समयमै परियोजना सुपेरिवेक्षण समिति तथा स्थानीय तहका परियोजना व्यवस्थापन समिति (PMC) सम्म पुग्ने व्यवस्था मिलाउने ।

२. सङ्घीय मन्त्रालयको भूमिका र जिम्मेवारीहरुः

सङ्घीय मन्त्रालयले यस समझदारीपत्र र सम्बन्धित द्विपक्षीय सम्झौताहरूका प्रावधान अनुसार परियोजनाको प्रभावकारी कार्यान्वयन र समन्वयका लागि निम्न उल्लेखित भूमिका तथा जिम्मेवारी निर्वाह गर्नेछः

क. परियोजनाको उद्देश्य प्राप्ति र सहज कार्यान्वयनको सुनिश्चित गर्न सङ्घीय मन्त्रालयले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका साथै विकास साझेदार सग समन्वय गर्ने,

ख. सङ्घीय मन्त्रालयले विकास साझेदारसँग भएका द्विपक्षीय सम्झौताका प्रावधान अनुसार तोकिएका संस्थागत संरचना र संयन्त्र स्थापनाको लागि सहजीकरण, सामञ्जस्यता र समन्वय गर्ने,

ग. सङ्घीय मन्त्रालयले राष्ट्रिय परियोजना निर्देशकको सचिवालयका रूपमा समेत कार्य गर्ने परियोजना समन्वय एकाई स्थापना तथा व्यवस्थापन गर्ने, जसले राष्ट्रिय स्तरमा परियोजनाको समन्वय तथा नियमनकारी केन्द्रीय निकायको रूपमा कार्य गर्नेछ,

घ. सङ्घीय मन्त्रालयले परियोजना अन्तर्गतका कार्यक्रम तथा गतिविधिको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहलाई आवश्यक सहयोग र सहजीकरण प्रदान गर्ने,

ङ. सङ्घीय मन्त्रालयले परियोजना सुपरिवेक्षण समितिबाट हुने निर्णय प्रक्रियाका लागि समयमै समन्वय गर्ने र सुपरिवेक्षण समितिबाट भएका निर्णय सबै तहका सरकारमा कार्यान्वयन हुने कुराको सुनिश्चित गर्ने,

च. दातृ सँस्थाका शर्त तथा राष्ट्रिय प्राथमिकता अनुरुप परियोजनाको पारदर्शी, सामञ्जस्यता तथा प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सङ्घीय मन्त्रालयले युरोपियन युनियन र फिनल्यान्ड सरकारसँग नियमित समन्वय तथा सम्पर्क गर्ने,

छ. सङ्घीय मन्त्रालयले परियोजनाको दक्ष र प्रभावकारी कार्यान्वयनका लागि सम्पूर्ण कार्यान्वयन निकायको समग्र सुपेरिवेक्षण, समन्वय, प्राविधिक सहजीकरण, अनुगमन तथा रणनीतिक मार्गदर्शन प्रदान गर्ने,

ज. सङ्घीय मन्त्रालयले द्विपक्षीय सम्झौतामा निर्दिष्ट तथा परियोजनाका वार्षिक कार्ययोजनामा स्वीकृत वित्तीय स्रोतको परिचालन, बजेट विनियोजन, कार्यक्रम छनोट तथा कार्यक्रमको कार्यान्वयनमा सहजीकरण गर्ने,

३. यसै समझदारीको अभिन्न अंग मानिनेः

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना सँग प्रदेश मन्त्रालयले गर्ने अन्य सम्झौता तथा परियोजना सुपरिवेक्षण समितिका निर्णय तथा निर्देशिका र समय समयमा हुने परियोजना सम्बन्धी निर्णय यसै समझदारीको अभिन्न अंगका रुपमा रहनेछ ।

४. मन्त्रालयको निर्णय अन्तिम हुनेः

यदि यस समझदारीपत्रका कुनै बुँदा तथा प्राबधानमा परिमार्जन, संशोधन वा हटाउनु पर्ने आवश्यकता परेको खण्डमा द्विपक्षिय सम्झौता तथा परियोजना दस्तावेजमा भएको व्यवस्था बमोजिम थप स्पष्ट पारिनेछ । परियोजना कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा परियोजना सुपरिवेक्षण समितिको निर्णय वमोजिम भएको सिफारिसका आधारमा सङ्घीय मन्त्रालयले बाधा अड्काउ फुकाउनेछ ।

प्रदेश मन्त्रालयको तर्फबाट

हस्ताक्षरः _____

नामः _____

पदः

प्रदेश मन्त्रालयको छाप

रोहबर

हस्ताक्षरः _____

नामः _____

पदः

कार्यालयको छाप

सङ्घीय मन्त्रालयको तर्फबाट

हस्ताक्षरः _____

नामः _____

पदः

मन्त्रालयको छाप

रोहबर

हस्ताक्षरः _____

नामः _____

पदः

कार्यालयको छाप

हस्ताक्षरः _____

नामः सान्ना-लीना राउतानेन

टीम लिडर, जलवायु परिवर्तन स्थानिय अनुकूलन परियोजना

परियोजनाको छाप

मिति ..... गते, ...(स्थान) ।